फोन:-०४४-४११०५२

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
च.नं.

मिति :- २०८०/०३/३१

**विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको सबै वडाहरुबाट आ.व. २०७९/०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीले आ.व. २०८०/०८१ मा भत्ता प्राप्त गर्नका लागि आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वंयम वडा कार्यालयमा देहायका कागजात सहित उपस्थित भई यहि मिति २०८०/०४/०१ देखि भाद्र मसान्त भित्र अनिवार्य रुपले आ-आफ्नो वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन अनुरोध गरिन्छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणका लागि आवश्यक पर्ने कागजातहरु**

- जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रको फोटोकोपि १ प्रति र फोटो १ प्रति तथा बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको फोटोकोपी ।
- विधवा महिलाको हकमा श्रीमानको मृत्युदर्ता प्रमाणपत्रको १ प्रति फोटोकोपी र ६० वर्ष मुनिका विधवा महिलको हकमा अर्को विवाह नगरेको प्रमाणपत्र ।
- एकल महिलाको हकमा विवाह नगरको प्रमाणपत्रको फोटोकोपी
- अपाङ्गता भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको १ प्रति फोटोकोपि

नोट :- बालबालिका वा आफै उपस्थित हुन नसको लाभग्राहीहरुको हकमा निजको आमा, बुबा संरक्षण गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछ । तोकिएको समयमा नवीकरण नगराउने लाभग्राहीहरुको नाम MIS प्रणालिबाट स्वत हटने छ तथा भत्ता नपाउने व्यवस्था भएकोले भाद्र मसान्त भित्र नवीकरण गराउनु हुन अनुरोध छ ।

............
निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत